सर्लाही जिल्लाका गोडैतामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २३ गतेदेखि २५ गतेसम्म सर्लाही जिल्लाको गोडैतामा "ब्यवसायिक तरकारी खेती तालिम" सम्पन्न गरेको संस्थाका गोडैता शाखाका प्रमुख कमलेश कुमार मंडलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु सतेन्द्र ठाकुर, जितेन्द्र सिंह, करन मिश्र रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख दिपेन्द्र कुमार यादवले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको गोडैता शाखाका प्रमुख कमलेश कुमार मण्डलले प्रकाश पारेका थिए ।

तरकारी ब्यवसाय एक परिचय, स्थानीय र उन्नत तरकारीमा भिन्नता, तरकारीको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा तरकारी विदेशबाट आयात भइ विदेशमा लाखौ लाख रकम गएको र स्थानीय श्रोत साधन प्रयोग गरी तरकारी खेती गर्ने तरिका र हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, नर्सरीको महत्व एवम् प्रयोग गरिने वस्तुहरु, नर्सरी अनुसार तरकारी खेतीलाई महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार ब्यवस्थापन, तरकारीबाट हुने आम्दनीको स्किम, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको गोडैता शाखाका प्रमुख कमलेश कुमार मण्डलले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले

लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरी रहेका र गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका गोडैता शाखाका प्रमुख कमलेश कुमार मण्डलले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी उर्मिला देवी, सहभागी सुनिता देवी राउतले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत दिपेन्द्र कुमार यादवले जानकारी गराएका थिए । तालिमको संचालन गोडैता शाखाका प्रमुख कमलेश कुमार मण्डलले गरेका थिए ।

